१७औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३०७ ॥ २०८२ पुष २४ गते बिहिबार (8th Jan 2026 Thursday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

### झापाका प्रदेश सांसदहरु भाग्यमानी

# दुई मुख्यमन्त्री, एक सभामुख र चार मन्त्री

झापा, पुष २३ । कोशी प्रदेश सरकारमा झापाका सांसदहरु भाग्यमानी सावित भएका छन् ।

सरकार परिवर्तन र मन्त्रिमण्डल फेरबदलको गोलचक्करबाट कोशी प्रदेश सरकारमा अहिलेसम्म झापाका दुईजना मुख्यमन्त्री,एकजना सभामुख र चारजना मन्त्री बन्न सफल भएका हुन् । बाँकी दुई वर्षको कार्यकालमा अरुले पनि पालैपालो गरी मन्त्री बन्ने आशा राखेका छन् ।

झापाका हिक्मतकुमार कार्कीले तीनपटक मुख्यमन्त्री बन्दै ह्याट्रिक पूरा गरेका छन् भने दुईपटक मुख्यमन्त्री बन्ने रेकर्ड झापाकै उद्धव थापाको नाममा रहेको छ । त्यस्तै झापाकै अम्बरबहादुर विष्ट सभामुख छन् । मंगलवार कोशी प्रदेशमा मन्त्रिमण्डल पुनर्गठन गर्ने क्रममा झापाका एकराज कार्कीले छोडेको खानेपानी , सिंचाई तथा ऊर्जा मन्त्रालय झापाकै चिन्तन पाठकले



पाएका छन् । खानेपानी मन्त्रालयमाथि लगातार झापाका सांसदहरुको कब्जा गर्दै आएका छन् । एकराज र चिन्तनअगाडि झापाका भक्तिप्रसाद सिटौला मन्त्री बनेका थिए । त्यस्तै राज्यमन्त्री बनेका झापाकै भूमिप्रसाद राजवंशीले मंगलवार मन्त्री पद छोडेका छन् ।

२०७९ सालको निर्वाचनमा झापाको दशवटा प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित १० जना प्रदेश सांसदमध्ये पाँचजना मन्त्री बनिसकेका छन् । प्रत्यक्षतर्फ निर्वाचित गोपाल तामाङ , सविना बजगाँई , छविलाल चुडाल , राधाकृष्ण खनाल र होमबहादुर थापा मात्र मन्त्री हुन बाँकी रहेका छन् । उनीहरुले पनि पालो पर्खिरहेका छन् । मन्त्री बन्ने आफ्नो पालो आइसक्दा पनि राप्रपाका संसदीय दलका नेता भक्ति सिटौलाले दुईवटा मन्त्रालय आफूसंगै राखेर आफूलाई मन्त्री बन्नबाट बञ्चित गरेको राप्रपाकी प्रदेश सांसद सविना बजगाईले गुनासो गरिन् । उनी राप्रपाकी कोशी प्रदेश प्रमुख सचेतक हुन् । त्यस्तै गोपाल तामाङ कांग्रेसको कोशी प्रदेश प्रमुख सचेतक हुन् ।

समानुपातिकमा झापाबाट ६ जना प्रदेश सांसद बनेका छन् । समानुपातिक सांसदहरु उद्धव थापाले मुख्यमन्त्री र अम्बरबहादुर विष्टले सभामुख बन्ने मौका पाए । त्यसबाहेक अब निमसरी राजवंशी , लख्खी गणेश , गोपाल गजमेर , कमला थापा मगर र नम्बरलाल धिमालको मन्त्री बन्ने रहर पूरा हुन बाँकी रहेको छ ।

# बुद्धशान्तिमा मरेको हात्तीको सुँडमा आलो चोट

झापा, पुष २३ । झापाको बुद्धशान्तिमा मृत भेटिएको हात्तीको सुँडमा आलो चोट देखिएको छ ।



कोशीटप्पु वन्यजन्तु आरक्षण सुनसरीबाट पशु चिकित्सक डा. प्रिती गुरुङको कमाण्डमा ४जनाको टोली आएर हेर्दा मृत हात्तीको सुँडमा आलो चोट,अगाडिको बायाँ खुट्टा र पेटमा पुरानो घाउ देखिएको थियो । सो टोलीले सम्पूर्ण कानुनी प्रकृया पुरा गरी मृत हात्तीको पोस्टमार्टमपश्चात् सोही स्थानमा खाल्डो खनेर पुरेको थियो ।

पोस्टमार्टमको रिपोर्ट केही दिनपछि आउने डिभिजन वन कार्यालय झापाका प्रमुख नथुनी गोहियारी यादवले बताए । उनले पोस्टमार्टमको रिपोर्टपछि मात्र मृत्युको कारण खुल्ने जानकारी दिए ।

मंगलवार बिहान बुद्धशान्ति ३ डाँडागाउँ बस्ने लालबहादुर रसाईलीको खेतमा भाले हात्ती मृत फेला परेको थियो । चन्द्रगढी क्षेत्रमा घुमिहिड्ने दारा नभएको सो माकुने हात्ती विरामी रहेको थियो ।

वन कार्यालयको टोलीले केही महिनाअघि सो हात्तीलाई उपचार गरेको थियो । यो आर्थिक वर्षमा झापामा दुईवटा हात्ती मृत फेला परेका छन् ।

# 'मस्जिद निर्माणको कुरा उहिले सकिसक्यो'

कुमरखोद, पुष २३ । दक्षिणी सीमावर्ती झापा गाउँपालिकामा मस्जिद निर्माणको विषयमा कुनै पनि विवाद नरहेको सम्बन्धित व्यक्तिहरुले बताएका छन् ।



सल्टिसकेको पुरानो कुरालाई उठान गरी केही व्यक्तिहरुले सामाजिक सद्भाव विथोल्न खोजेको भन्दै उनीहरुले त्यस विषयमा स्पष्ट पारेका हुन् । झापा गाउँपालिका वडा नं ४ मा मस्जिद निर्माणको विषयमा स्थानीयहरुले विरोध जनाएको समाचार प्रतिदिन दैनिकले हिजो प्रकाशित गरेको थियो । त्यसप्रति आफूहरुको ध्यानाकर्षण भएको जनाउँदै झापा गाउँपालिका वडा नं ४ का वडाध्यक्ष ताहिर मुल्वीले मस्जिद निर्माणको विषय उहिले नै सल्टिसकेको बताए । उनले सामान्य गफगाफ गर्दा उठेको त्यस विषयलाई मिलाइसकेको जानकारी दिए । त्यस विषयमा जग्गाधनी झापा गाउँपालिका वडा नं ४ बस्ने नजरुल शेखले पनि स्पष्ट पारेका छन् । उनले आफूले मस्जिदको लागि नभएर अरु नै प्रयोजनका लागि त्यहाँ माटो पुरेको बताएका छन् ।

मस्जिद निर्माणको विषयमा विवाद भएको समाचार प्रकाशित भएपछि प्रहरी प्रशासनको पनि ध्यानाकर्षण भएको थियो । त्यस विषयमा स्थलगत रुपमा बुझ्दा हाल मस्जिद निर्माणको कुरा नरहेको र विवाद पनि नरहेको प्रहरीले जनाएको छ ।

# राष्ट्रिय सभा निर्वाचनका लागि ४४ जनाको उम्मेदवारी

काठमाडौँ । आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि जम्मा ४४ जनाले उम्मेदवारी दर्ता गरेका छन् ।

निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार बुधबार सात वटै प्रदेश राजधानीमा रहेका निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्ण रुपमा उम्मेदवारी दर्ता कार्य सम्पन्न भएको छ ।

नेकपा (एमाले) बाट रोशनी मेचे (कोशी), सोमनाथ पोर्तेल (कोशी), रेखा कुमारी झा (मधेस), प्रेम प्रसाद दंगाल (बागमती), सम्झना देवकोटा (गण्डकी), रामकुमारी झाँक्री (लुम्बिनी), मीनासिंह रखाल (कर्णाली), लिलाकुमारी भण्डारी (सुदूरपश्चिम) ले उम्मेदवारी मनोनयन गरेका छन् ।




नेपाली कांग्रेसबाट सुनिल बहादुर थापा (कोशी), धर्मेन्द्र पासवान (मधेश), रञ्जित कर्ण (मधेश), गिता देवकोटा (बागमती), जगत तिमिल्सिना (गण्डकी), वासुदेव घिमिरे (लुम्बिनी), चन्द्र बहादुर केसी (लुम्बिनी), ललितजंग शाही (कर्णाली), खम्म बहादुर खाती (सुदूरपश्चिम) ले उम्मेदवारी मनोनयन गरेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीबाट नमिता न्यौपाने (कोशी), खेमराज नेपाली (कोशी), शशी कुमारी अग्रवाल (मधेश), शम्भु पासवान हजारी (मधेश), रामनन्दन प्रसाद (मधेश), लक्ष्मण पौडेल (मधेश), सरोज कुमारी झा (बागमती), प्रेमप्रसाद सापकोटा (बागमती), गोमा लुइटेल घिमिरे (गण्डकी), कपिल लामा (गण्डकी), दुर्गा कुमारी भण्डारी (लुम्बिनी), सर्जन वि.क. (लुम्बिनी), वृहस्पति अधिकारी (लुम्बिनी), अञ्जु महतारा (कर्णाली), बुद्धिप्रसाद शर्मा (कर्णाली), रोजी बस्नेत (सुदूरपश्चिम) र टिकाराम जौशी (सुदूरपश्चिम) ले उम्मेदवारी मनोनयन गरेका छन् ।

जनता समाजवादी पार्टी नेपालबाट चन्द्रकला देवी साह (मधेश), चमेली देवी दास (मधेश), शैलेश कुमार चौधरी (मधेश) ले मनोनयन दर्ता गरेका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट महन्थ ठाकुर (मधेश), नेपाल मजदुर किसान पार्टीबाट कविता महर्जन (बागमती), विक्रम ढुकुछु (बागमती), राष्ट्रिय जनमोर्चाबाट लक्ष्मी बास्कोटा (गण्डकी), शंकरप्रसाद बराल (गण्डकी), पद्मा पण्डित (लुम्बिनी), बोम बहादुर खत्री (लुम्बिनी) ले उम्मेदवारी मनोनयन गरेको जनाइएको छ ।

# ट्वान्टी-२० विश्वकप खेल्ने नेपाली टोलीको घोषणा

झापा, पुष २३ । आगामी प्रतिनिधि सभा निर्वाचनका लागि झापा क्षेत्र नं ३ बाट एमाले अध्यक्ष केपी ओली उठ्ने चर्चा गरेका पार्टीका कार्यकर्ताहरुले सोध्दै नसोधी केन्द्रीय सदस्य दीपक कार्कीको नाम उम्मेदवारमा सिफारिस



गरेका छन् । झापा क्षेत्र नं ५ बाट उठ्ने गरी एकल सिफारिस भइसकेका ओलीलाई झापा क्षेत्र नं ३ बाट पनि उठाउने क्षेत्रीय कार्यकर्ताहरुले चर्चा गरेका थिए । गत शनिबार बसेको एमालेको ३ नं क्षेत्रीय समन्वय कमिटीको पूर्ण विस्तारित बैठकमा झापा-५ संगै ३ मा पनि अध्यक्ष ओलीकै नाम सिफारिस गर्नुपर्ने विषयमा छलफल भएको थियो । ' देशभरिका ३६५ वटै क्षेत्रमा उम्मेद्वार सिफारिस गर्दा अध्यक्ष ओलीको नाम उच्चारण भयो होला ' क्षेत्रीय सचिव नरेश चुडालले भने,' त्यस हिसावले हाम्रो क्षेत्र नं ३ मा पनि छलफल भएको हो ।'

क्षेत्रीय समन्वय कमिटीले केन्द्रीय सदस्य दीपक कार्कीसहित हरिबहादुर राजवंशी , बसन्त बानियाँ , देवेन्द्र आचार्य र सन्तलाल मेचेको नाम जिल्ला कमिटीमा सिफारिस गरेको थियो । एक नम्बरमा कार्कीको नाम राखिएको थियो । आफूलाई नसोधिकन क्षेत्रीय कमिटीले आफ्नो नाम सिफारिस गरेको बताउँदै कार्कीले जिल्ला कमिटीको बैठकमा आफ्नो नाम हटाउन लगाएको जानकारी दिए । झापा क्षेत्र नं ५ बाट संविधान सभा सदस्य बनेका कार्कीले क्षेत्र नं ३ मा चुनावमा उठ्ने मुड नभएको स्पष्ट पारे ।

' मैले विथड्र गरिसकेको छु ' उनले भने,' म क्षेत्र नं ३ मा आइदिए हुन्थ्यो भन्ने कार्यकर्ताहरुलाई लाग्नु स्वाभाविक हो तर, म उठ्दिनँ ।' गौरादह गाविसका अध्यक्ष , संविधान सभा सदस्यलगायतका पदमा निर्वाचित भएर जनतामाझ लोकप्रिय रहेका कार्कीको पार्टीमा पनि राम्रो पकड रहेको छ । क्षेत्रीय कमिटीले कार्कीसहित पाँचजनाको नाम पठाएकोमा जिल्ला कमिटीले हरिबहादुर राजवंशी र बसन्त बानियाँको नाम मात्र कोशी प्रदेश कमिटीमा पठाएको छ ।

# छ करोड बढीको गोलभैंडा आयात

• **लक्ष्मी उप्रेती**

मेचीनगर । काँकरभिट्टा नाका भएर आयात हुने सवैभन्दा बढी राजस्व बृद्धि भएका प्रमुख दश वस्तुहरुमध्ये गोलभेडा पहिलो स्थानमा छ । चालू आर्थिक वर्ष २०८२/८३ मा विदेशबाट छ करोड ८४ लाख ७४ हजार रुपैयाँ बराबरका गोलभैंडा आयात भएको छ ।



मेची भन्सार कार्यालय काँकरभिट्टाका अनुसार साउनदेखि मंसिर महिनासम्मको अवधिमा उक्त मूल्य बराबरको २६ लाख ७६ हजार पाँच सय २० किलोग्राम गोलभैंडा आयात भएको हो । पाँच महिनाको अवधिमा उक्त मूल्यको गोलभैंडा आयात हुँदा कार्यालयले ८२ लाख ७३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

अघिल्लो आर्थिक वर्षको सोहि अवधिमा यो नाका भएर ३७ लाख ३० हजार रुपैयाँ मूल्य बराबरको एक लाख ३८ हजार छ सय ५० किलोग्राम गोलभैंडा आयात भएको कार्यालयको अभिलेखले देखाएको छ । गोलभैंडा आयातबाट त्यो अवधिमा आठ लाख दुई हजार रुपैयाँ राजस्व संकलन गरेको कार्यालयको भनाई छ ।

अघिल्लो आर्थिक वर्षको पाच महिनाको अवधि र चालु आर्थिक वर्षको पाँच महिनाको तुलनात्मक रुपमा ७४ लाख ७२ हजार रुपैयाँ अर्थात नौ सय ३२ प्रतिशत दुईले राजस्व बृद्धि भएको कार्यालयको अभिलेखमा छ । नेपालमा भारत र इण्डोनेसियादेखि गोलभैंडा आयात हुने गरेको छ । यी दुई मुलुकमध्ये भारतबाट सबैभन्दा धैरै गोलभैंडा आयात हुने व्यवसायीहरुको भनाई छ ।

नेपाली उत्पादनले सम्पूर्ण देशको माग नै धान्ने समयमा समेत भारतबाट निर्वाध गोलभैंडा भित्रिरहेको हुन्छ । जेठ, असार र साउन महिना नेपालमा गोलभैंडा उत्पादनको सिजन मानिन्छ । तर,

❖ बाँकी अन्तिम पृष्ठमा

# मन्त्री घिसिङले दिए राजीनामा

झापा, पुष २३ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले राजीनामा दिएका छन् । भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयसमेत सम्हालेका मन्त्री घिसिङले बुधबार साँझ बालुवाटार पुगेर प्रधानमन्त्री सुशीला कार्कीसमक्ष राजीनामा पत्र



बुझाएका हुन् । बालुवाटारबाट फर्केपछि ऊर्जा मन्त्रालयमा उनले पत्रकार सम्मेलन गरेर राजीनामाबारे आफ्नो धारणा सार्वजनिक गर्ने छन् । चुनाव गराउने 'म्यान्डेट' सहित प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा गठन भएको नागरिक सरकारका मन्त्रीहरू दलीय राजनीतिमा सक्रिय भएपछि जनस्तरबाट पटक-पटक प्रश्न उठेपछि स्वयं प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् बैठकमा नामै तोकेर मन्त्रीहरू कुलमान घिसिङ, जगदीश खरेल र बब्लु गुप्तासँग राजीनामा मागेकी थिइन् । घिसिङ अनौपचारिक रूपमा उज्यालो नेपाल पार्टीका संरक्षक थिए भने राष्ट्रिय स्वतन्त्र पार्टीसँग एकीकरणपछि उनी वरिष्ठ उपसभापति भएका थिए । घिसिङ गत भदौ ३० गते मन्त्री नियुक्त भएका थिए ।

# लागूऔषधविरुद्ध विद्यालय–विद्यालयमा सचेतना अभियान

कनकाई,पुष २२ । पछिल्लो समय झापा र कनकाई नगरपालिका क्षेत्रमा बढ्दो लागूऔषध प्रयोगकर्तालाई घटाउन अस्थायी प्रहरी बिट दुर्गापुरले विद्यालयहरुमा सचेतना अभियानलाई तीव्रता दिएको छ ।

यसैक्रममा कनकाई नगरपालिका वडा नं.६ स्थित चम्पापुर माध्यमिक विद्यालयमा लागूऔषधसम्बन्धी एकदिवसीय सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।



अस्थायी प्रहरी बिट दुर्गापुरका इन्चार्ज छत्र श्रेष्ठले विद्यालयका कक्षा ८ , ९ र १० का सयजना विद्यार्थीलाई लागूऔषधको प्रयोग र यसको असर, यसबाट बच्ने तरिका, लागूऔषधबाट मानिसमा पर्ने असर, साइबर अपराध, यसको प्रकार र सजायलगायतका बारेमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा चम्पापुर माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको आतिथ्यता रहेको थियो । अस्थायी प्रहरी बिट दुर्गापुरले कनकाईका अन्य विद्यालयहरुमा समेत यस प्रकारका प्रशिक्षणहरु नियमित रुपमा गर्दै संचालन गर्दै आइरहेको छ ।

# कांग्रेसमातहत सहकारी विभाग विस्तार

बिर्तामोड, पुष २३ । झापाका सहकारीकर्मीहरुको जिल्लास्तरीय भेलाले नेपाली कांग्रेस झापा मातहत रहेको सहकारी विभाग विस्तार गरेको छ ।




विभागका संयोजक दुर्गाप्रसाद सापकोटाको अध्यक्षता एवं नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले विभाग विस्तार गरेको हो ।

भेलाले विभागको सहसंयोजकमा लवकुमार चौधरी, सचिवमा राजेन्द्रप्रसाद रिजाल, सहसचिवमा रोशन विष्टलाई चयन गरेको छ । यसैगरी भेलाले गोपालप्रसाद चुडाल, भक्तबहादुर तामाङ, मित्र खनाल, गंगाप्रसाद प्रसाई, भगिरथ राई, खगेन्द्रराज बजगाई, पद्मा भट्टराई, कर्मा शेर्पा, उर्मिला गौतम, पोषक दर्जी, पम्फा विश्वकर्मा, शेरबहादुर श्रेष्ठ, रविचन्द्र राई, विश्वेश्वर बजगाई (विपिन)लाई सदस्यमा चयन गर्दै विभाग विस्तार गरेको हो ।

सहकारीकर्मीहरुको भेलाले विभागको सल्लाहकारमा चन्द्राकुमारी खड्का भट्टराई, गोविन्द पौडेल, युवराज गिरी, भुपाल बस्नेत, देविका निरौला बस्नेत, जयनारायण शाहलाई चयन गरेको विभागका संयोजक दुर्गाप्रसाद सापकोटाले जानकारी दिएका छन् ।

# झापा गोल्डकपमा नयाँ सदस्य थपिँदै

बिर्तामोड । झापा गोल्डकपको सातौं संस्करणको मिति नजिकिँदै गर्दा आयोजक संस्थामा नयाँ सदस्यता लिनेहरूको संख्या बढ्दै गएको छ। बुधबार एकैदिन झापा गोल्डकपमा कार्यसमिति सदस्य शैलेन्द्र कुरुम्बाङको पहलमा २३ जनाले एकैसाथ नयाँ सदस्यता लिएका छन्। गोल्डकपको सचिवालयमा आयोजित एक कार्यक्रमका बीच नयाँ सदस्यहरुलाई कार्यवाहक अध्यक्ष गजेन्द्रबहादुर पौडेलले सदस्यता रसिद प्रदान गरे ।




प्रतिष्ठित गोल्डकपका रुपमा प्रसिद्धि कमाएको यसको सातौं संस्करण माघ २४ देखि फागुन ४ गतेसम्म डोमालाल राजवंशी रङ्गशालामा सञ्चालन हुँदैछ । स्वर्गीय बिनोद बस्नेत स्मृति झापा गोल्डकपमा यसपटक नेपाल भारत र भुटानका क्लबहरूको प्रतिस्पर्धा रहने बताइएको छ। सातौं संस्करणको तयारीसँगै अहिलेसम्म ६५ भन्दा बढी नयाँ सदस्य थपिएका छन्। सदस्यको रूपमा खेलप्रेमीहरूको यो आगमनले आयोजक परिवार उत्साहित रहेको अध्यक्ष केदार गिरीले बताए। झापा गोल्डकपको सचिवालयका अनुसार नयाँ सदस्यता आउने क्रमसँगै पुराना सदस्यहरूको नवीकरण कार्य तीव्र रुपमा अगाडि

# मेचीनगरको पाँच ठाउँमा नाप–तौल परीक्षणको डोर टोली

काँकरभिट्टा, पुष २३ । मेचीनगरमा व्यवसायीहरुको ढक, तराजु नाप्ने-तौल्ने उपकरणको परीक्षण, जाँच, नवीकरण, अनुमतिपत्र वितरणका लागि डोर टोली खटिएको छ ।



गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरको सहकार्य र मेची उद्योग बाणिज्य संघको आयोजनामा बुधबारदेखि नगरको पाँच ठाउँमा डोर टोली खटिएको हो । पुष २९ गतेसम्म सञ्चालन हुने डोर टोलीको पहिलो दिन मेचीनगर-६, काँकरभिट्टास्थित होटल बोर्डरल्याण्ड परिसरमा आयोजना गरिएको थियो । संघका कार्यकारी निर्देशक गोपाल बस्नेतले डोर टोलीबाट काँकरभिट्टाका ४२ जना व्यवसायीले सेवा लिएको जानकारी दिए । उनका अनुसार व्यवसायीहरुले काँटा, ढक, तराजु, लिटर, मिटर जाँच गरेर नवीकरण र अनुमतिपत्र लिए । ४२ जनामध्ये ३३ जना व्यवसायी सदस्यहरुले डोर टोलीबाटै स्थलगत नवीकरण गरेको उनले बताए ।

डोर टोलीमा गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरका सहायक निरीक्षक अमितकुमार कर्ण, सिनियर मिस्त्री (सीमी) द्वय हरेराम महतो र अञ्जिता रेग्मी, कार्यालय सहायक पुना घिमिरे, संघका कर्मचारीहरु पनि रहेका छन् ।

पुष २४ गते मेचीनगर-७, इटाभट्टास्थित अधिकारी किराना अगाडि डोर टोली खटिने बस्नेतले बताए ।

त्यस्तै व्यवसायीको सहजताका लागि पुष २५ गते संघको सचिवालय धुलाबारी, पुष २८ गते धाइजन मोडस्थित अधिकारी एग्रो भेट्स छेउ र पुस २९ गते चारआली पूर्व बसस्टेण्ड मंगलदीप सप्लायर्स अगाडि डोर टोली खटिने संघले जनाएको छ ।

# वीरता लेडी जेसीज

(वीरता लेडी जेसीजको निर्वाचन सम्बन्धि नियमावली भाग ८ को धारा २३ बमोजिम)

## निर्वाचन तालिका

प्रकाशित मिति: २०८२-०९-२३

| | | |
|---|---|---|
| १ | प्रथम मतदाता नामावली प्रकाशन | २०८२/९/२६ गते दिनको १२:३० बजे |
| २ | मतदाता नामावली माथि दावी विरोध | २०८२/९/२६ गते दिनको १२:४५ बजे |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८२/९/२६ गते दिनको १:०० बजे |
| ४ | उम्मेदवारको उमेरद्वारी मनोनयन | २०८२/९/२६ गते दिनको १:१५ देखि २:०० बजेसम्म |
| ५ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८२/९/२६ गते दिनको २:३० बजे |
| ६ | उम्मेदवारको प्रशिक्षण | २०८२/९/२६ गते दिनको ३:०० बजेदेखि |
| ७ | उम्मेदवारी माथि दावी विरोध | २०८२/९/२६ गते दिनको ३:३० बजे |
| ८ | उम्मेदवारको दोस्रो नामावली प्रकाशन | २०८२/९/२६ गते दिनको ३:४५ बजे |
| ९ | उम्मेदवारको नाम फिर्ता लिने अन्तिम समय | २०८२/९/२६ गते दिनको ४:०० बजे |
| १० | उम्मेदवारी अन्तिम नामावली प्रकाशन | २०८२/९/२६ गते दिनको ४:१५ बजे |
| ११ | ककस | २०८२/९/२६ गते दिनको ४:३० बजे |
| १२ | मतदान कार्यक्रम | २०८२/९/२६ गते दिनको ५:३० बजेदेखि ६:३० बजेसम्म |
| १३ | मत गणना | मतदान पश्चात |
| १४ | परिणाम घोषणा | मतगणना पश्चात |

**नोट:**

१. निर्वाचनमा भाग लिनको लागि शाखाको सन् २०२५ को नविकरण कार्तिक १४ गते (OCT. 31) ११:५९ बजे सम्ममा गरिसकेको हुनुपर्नेछ ।
२. उम्मेदवारले निम्न अनुसारको शर्त पालना गर्नुपर्नेछ ।
   क) वीरता लेडी जेसीजको विधान पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।
   ख) उम्मेदवारले सन् २०२५ को शाखा सदस्यता नविकरण गरी सो को रसिद पेश गर्नु पर्नेछ ।
   ग) उम्मेदवारले नियम अनुसारको उमेरद्वारी दस्तुर एकमुष्ट बुझाउनु पर्नेछ ।
      अ) अध्यक्ष रु. २०००/-   आ) का.का. उपाध्यक्ष रु. १५००/-   इ) उपाध्यक्ष, जनसम्पर्क र सहसचिव रु. १०००/-
३. उम्मेदवारले उम्मेदवारी प्रशिक्षण तथा ककसमा अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।
४. निम्न पदको लागि निम्न अनुसारको योग्यता हुनु जरुरी छ ।
   **अ) अध्यक्ष:**
   क) नेपाल जेसीजको महाधिवेशन र क्षेत्रीय सम्मेलनमा कम्तिमा ३ पटक सहभागी भै सकेको हुनु पर्नेछ ।
   ख) शाखा अधिवेशनमा न्यूनतम ४ पटक सहभागी भएको हुनु पर्नेछ ।
   ग) कम्तिमा ३ वटा तालिम प्राप्त गरेको हुनु पर्नेछ ।
   घ) अन्य शाखाहरुको कार्यक्रममा भाग लिईसकेको हुनु पर्नेछ ।
   ङ) उम्मेदवारहरुले चालु वर्ष र त्यस अधिको बर्षमा आयोजित कार्यक्रमहरुमा ७५ प्रतिशत सहभागीता हुनुपर्नेछ ।
   च) शाखाको र नेपाल जेसीजको संविधान अनिवार्य अध्ययन गरेको हुनु पर्नेछ ।
   छ) कार्यकारीणी उपाध्यक्ष भैसकेको हुनु पर्नेछ ।
   **आ) का.का. उपाध्यक्ष:**
   क) नेपाल जेसीजको महाधिवेशन र क्षेत्रीय सम्मेलनमा कम्तिमा २ पटक सहभागी भैसककेको हुनु पर्नेछ ।
   ख) शाखा अधिवेशनमा न्यूनतम २ पटक सहभागी भएको हुनु पर्नेछ ।
   ग) कम्तिमा २ वटा तालिम प्राप्त गरेको हुनु पर्नेछ ।
   घ) चालु वर्षको कार्यक्रममा कम्तिमा ५० प्रतिशत भाग लिई सकेको हुनु पर्नेछ ।
   ङ) शाखाको र नेपाल जेसीजको विधान अनिवार्य अध्ययन गरेको हुनु पर्नेछ ।
   च) संचालक समितिको कुनै पदमा २ बर्षको सेवा गरिसकेको हुनु पर्नेछ ।
   **इ) उपाध्यक्ष, जनसम्पर्क अधिकारी र सह-सचिव :**
   क) नेपाल जेसीजको महाधिवेशन र क्षेत्रीय सम्मेलनमा कम्तिमा १ पटक सहभागी भैसकेको हुनु पर्नेछ ।
   ख) शाखा अधिवेशनमा न्यूनतम २ पटक सहभागी भएको हुनु पर्नेछ ।
   ग) कम्तिमा १ वटा तालिमप्राप्त गरेको हुनु पर्नेछ ।
   घ) चालु बर्षको कार्यक्रममा कम्तिमा ५० प्रतिशत भाग लिई सकेको हुनु पर्नेछ ।
५. उल्लेखित योग्यताहरु उमेरद्वारहरुले शाखा अध्यक्षबाट प्रमाणित गरी दरखास्त फारममा पेश गर्नु पर्नेछ ।
६. उम्मेदवारहरुले पर्चा पम्प्लेटिङ्ग गर्न पाउने छैनन् र एक अर्काको सौहार्दपूर्ण व्यवहार गर्दै जेसीज परम्परा अनुसार अनुशासित रहनु पर्नेछ ।
७. निर्दिष्ट शुल्क बुझाए पछि उमेरद्वारी फारम र विधान पुस्तिका पाउन सकिनेछ ।
८. उम्मेदवारले दरखास्त फारममा एक जना र एक जना प्रस्तावकको हस्ताक्षर हुनु पर्नेछ । तर अरुलाई समर्थक र प्रस्ताव गर्नेले अरु उम्मेदवारको सोही पदका लागि सोही पदका दस्तखत गर्न पाइनेछैन ।
९. दस्तखत फारम भैसके पछि निर्दिष्ट समयमा सचिवालयमा वा निर्वाचन अधिकारी समक्ष दर्ता गराई सक्नु पर्नेछ ।

जेसी मेनुका ओली
निर्वाचन अधिकृत

# वर्ष उत्कृष्ट आमा सम्मान शोभालाई

मेचीनगर । झापाको मेचीनगर- १४ स्थित बाल सुबोधिनी माध्यमिक विद्यालयले शोभा सुवेदी कोइरालालाई वर्ष उत्कृष्ट आमा सम्मान प्रदान गरेको छ । बुधबार विद्यालय परिसरमा आयोजित आमा भेलामा सम्मानपत्र , माला, दोसल्ला पहिऱ्याएर कोइरालालाई सम्मान प्रदान गरिएको हो ।

विद्यालयमा अध्ययनरत कक्षा ५ सम्म उत्कृष्ट जिपिए प्राप्त गर्ने विद्यार्थीका आमालाई हरेक वर्ष उत्कृष्ट आमा सम्मान गर्दै आएको छ ।

कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेती, विशिष्ट अतिथि मेचीनगर वडा नम्बर- १४ का वडाध्यक्ष बाबुलाल सुब्बा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष (ज्येष्ठ सदस्य) शंकरलाल राजवंशी, विद्यालय व्यवस्थापन समिति सदस्य अनिल ढुङ्गानाले सम्मानित व्यक्तित्वलाई संयुक्तरूपमा सम्मानपत्र, माला तथा दोसल्ला पहिऱ्याएका थिए । प्रमुख अतिथि उप्रेतीले



सन्तानको पहिलो पाठशाला घर र पहिलो गुरु आमा भएको स्पष्ट पारिन् । सन्तानको शैक्षिक , चारित्रिक र सर्वाङ्गीण विकासमा आमाहरूको भूमिका निक्कै महत्वपूर्ण हुने उनले बताइन् ।उनले यस्ता क्रियाकलापले विद्यालय र अभिभावकबीचको सम्बन्धलाई प्रगाढ बनाउन कोसेढुङ्गा सावित हुने धारणा राखिन् । सम्मानित आमाको सन्तान दिपशिखा कोइराला कक्षा २ मा अध्ययनरत रहेकी छन् । यो सम्मान यस विद्यालयमा अध्ययनरत सबै विद्यार्थीको आमाहरूप्रति हो भन्ने बुझ्न प्रमुख अतिथि उपप्रमुख उप्रेतीले आग्रह गरिन् ।

विद्यालयको शैक्षिक क्षेत्रलाई गुणस्तर बनाउन अभिभावकहरूको पनि महत्वपूर्ण भूमिका हुने उपप्रमुख उप्रेतीको भनाई थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष( ज्येष्ठ सदस्य) शंकरलाल राजवंशीको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि उपप्रमुख उप्रेती, विशिष्ट अतिथि वडाध्यक्ष सुब्बा, विद्यालय व्यवस्थापन समिति सदस्य अनिल ढुङ्गाना,खगेन्द्र सिग्देललगायतले बोलेका थिए । विद्यालय व्यवस्थापन समिति सदस्य पुष्पा गौतम खनालले शब्दमार्फत स्वागत गरेको कार्यक्रमको औचित्यमाथि प्रधानाध्यापक विश्व थापाले प्रकाश पारेका थिए भने सञ्चालन शिक्षक पदमप्रसाद मिश्रले गरेका थिए । सोही अवसरमा विद्यालयले नतिजा प्रकाशनसमेत गरेको छ । कार्यक्रममा मेचीनगर नगरपालिका वडा नम्बर १४ का जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, अभिभावक, विद्यार्थीलगायतको सहभागिता रहेको थियो ।

## छ करोड...

यस अवधिमा भारतबाट गोलभेँडा निर्वाधरुपमा आउँदा स्वदेशी उत्पादनले बजार पाइरहेको छैन ।

यसैगरी, फ्रिज रेफ्रिजेरेटर आयातबाट राजस्व बृद्धि छ सय २६ दशमलव नौ प्रतिशत छ । गत आर्थिक वर्ष २०८०/८१ को पहिलो पाँच महिनामा काँकरभिट्टा नाका भएर तीन सय पाँच वटा फ्रिज आयात भएको थियो । चालु आर्थिकको सोहि अवधिमा दुई हजार सात सय ६७ वटा फ्रिज आयात भएको छ ।

चार करोड छ लाख १४ हजार रुपैयँ मूल्यको फ्रिज आयात गर्दा भन्सारले एक करोड २१ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

अघिल्लो आवको यहि अवधिमा एक करोड ४२ लाख४० हजार रुपैयाँका फ्रिज रेफ्रिजेरेटर आयात वापत १६ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । नेपालमा आयात हुने फ्रिज, रेफ्रिजेरेटर लगायतका वस्तु चीन, बंगलादेश, भारतलगायतका देशबाट आउँछन् । यसबाहेक इन्डोनेसिया, कोरिया, मलेसिया लगायतबाट पनि आउने गरेको तथ्याङ्कले देखाउँछ । नेपालमा आउने सबैभन्दा धेरै रेफ्रिजेरेटर र फ्रिज चीन र भारतबाटै आउने गरेको छ ।

होजियारी कपडा पाँच सय ७० दशमलव एक प्रतिशत, सल, दोसल्ला र पछ्यौरा चार सय ७९ दशमलव एक प्रतिशत, भटमासको पिना तीन सय ६१ दशमलव नौ प्रतिशत , विद्युतीय मोटरसाइकल तीन सय ५१ दशमलव सात प्रतिशत, कपालमा प्रयोग हुने श्रृंगारका सामान तीन सय तीन दशमलव नौ प्रतिशत, तयारी कपडा दुई सय ३३ दशमलव शून्य प्रतिशत, काइयो तथा हेयर पिन, स्लाइड्स समेत दुई सय ३१ दशमलव सात प्रतिशत र चिनियाँ माटाका भाँडाकुँडा दुई सय १७ दशमलव पाँच प्रतिशत राजस्व संकलनमा बृद्धि भएको कार्यालयको अभिलेखले देखाएको छ ।


## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

**सम्पर्क**
९८५२६४०४०५ (9852640405)


## शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

*चिसो मौसममा सुरक्षित रहौं :*

१.तातो तथा न्यानो कपडा लगाऔं,
२.तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
३. घर तथा कोठा न्यानो बनाऔं,
४. बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
५ न्यानो सिरक ओढेर सुत्ने गरौं
६. जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं
७. चिसोमा हिंडडुल (मर्निङ वाक) नगरौं
८. कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**


## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।

**डा. टंकप्रसाद बाराकोटी**
नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ
NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड


## झापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

### शितलहर सम्बन्धी सतर्कता अपनाउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा हाल देशैभरी बढिरहेको शितलहर तथा चिसोका कारण जनजीवन प्रभावित भइरहेको र झापा गाउँपालिकामा समेत प्रभाव बढिरहेकोले जाडो र चिसोबाट बच्न तपशिल बमोजिमका सावधानी अपनाउन झापा गाउँपालिकाबासीमा हार्दिक अनुरोध गरिन्छ।

१. अत्यावश्यक काम बाहेक बिहान र रातको समयमा बाहिर ननिस्कनुहोस् ।
२. न्यानो लुगा, टोपी, मोजा र कम्बल प्रयोग गर्नुहोस् ।
३. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई विशेष ध्यान दिनुहोस् ।
४. चिसो बढ्ने समयमा तातो खाना र तातो पेय पदार्थ सेवन गर्नुहोस् ।
५. खुला ठाउँमा बस्ने, असहाय तथा विपन्न व्यक्तिहरूलाई न्यानो कपडा तथा सुरक्षित आश्रयको व्यवस्था गर्न आवश्यक सहयोग एवम् सहजीकरण गर्नुहोस् ।
६. चिसोका कारण ज्वरो, खोकी, सास फेर्न गाह्रो जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।
७. आगो बाल्दा वा हिटर प्रयोग गर्दा आगलागी र ग्यास चुहावटप्रति सचेत रहनुहोस् ।

साथै कुनै घटना भए वा थप जानकारीका लागि झापा गाउँपालिका विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल वि.ओ.पी कुमरखोद तथा पुरानो शरणामतीमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**जनार्दन निरौला**
प्रमुख प्रशासकीय अधिकत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सामाजिक सद्भाव कायम राखौं

दक्षिणी सीमावर्ती झापा गाउँपालिकामा मस्जिद निर्माणको पुरानो विषयलाई उचाल्ने प्रयास गरिएको छ। मिलिसकेको कुरालाई कोट्याएर सद्भाव विथोल्ने दुष्प्रयास गर्न खोजिएको छ। तर सम्बन्धित व्यक्तिहरुले कुनै पनि विवाद नरहेको बताएका छन्।

सल्टिसकेको पुरानो कुरालाई उठान गरी केही व्यक्तिहरुले सामाजिक सद्भाव विथोल्न खोजेको भन्दै उनीहरुले त्यस विषयमा स्पष्ट पारेका हुन्। झापा गाउँपालिका वडा नं ४ मा मस्जिद निर्माणको विषयमा स्थानीयहरुले विरोध जनाएको समाचार प्रतिदिन दैनिकले मंगलवार प्रकाशित गरेको थियो। त्यसप्रति आफूहरुको ध्यानाकर्षण भएको जनाउँदै झापा गाउँपालिका वडा नं ४ का वडाध्यक्ष ताहिर मुल्वीले मस्जिद निर्माणको विषय उहिले नै सल्टिसकेको बताए। उनले सामान्य गफगाफ गर्दा उठेको त्यस विषयलाई मिलाइसकेको जानकारी दिए। त्यस विषयमा जग्गाधनी झापा गाउँपालिका वडा नं ४ बस्ने नजरुल शेखले पनि स्पष्ट पारेका छन्। उनले आफूले मस्जिदको लागि नभएर अरु नै प्रयोजनका लागि त्यहाँ माटो पुरेको बताएका छन्।

मस्जिद निर्माणको विषयमा विवाद भएको समाचार प्रकाशित भएपछि प्रहरी प्रशासनको पनि ध्यानाकर्षण भएको थियो। त्यस विषयमा स्थलगत रुपमा बुझ्दा हाल मस्जिद निर्माणको कुरा नरहेको र विवाद पनि नरहेको प्रहरीले जनाएको छ।

समाज बनाउनेभन्दा बिगार्नेहरूको जमात ठूलो हुन्छ। यसैगरी समाजमा सद्भाव कायम गर्नुपर्छ र अमनचयनको वातावरण कायम राख्नुपर्छ भन्नेहरूको भन्दा भाँडभैलो मच्चाएर आफ्नो स्वार्थको दुनो सोझ्याउनेहरूको संख्या धेरै हुन्छ। जहाँसुकैको समाज होस् सकारात्मक भन्दा नकारात्मक प्रवृत्तितर्फ मानिसहरू बढी उद्यत् हुने गरेका छन्। नेपाली समाजलाई विभिन्न निहुँमा भड्काउने प्रयासमा देशी–विदेशी शक्तिहरू लागिरहेका आशंका व्याप्त छ। शान्त तलाउमा ढुंगो हानेर त्यहाँ तरंग ल्याउन खोजे जस्तो शान्त नेपाली समाज भाँड्नेहरूको यस्तै प्रयास दिनप्रतिदिन एकपछि अर्को गरेर आइरहेका छन्। नेपाली समाज तुलनात्मक रूपमा शान्त समाज हो। सांस्कृतिक र समुदायगत विधिताले भरिपूर्ण भए पनि नेपाल सानो राष्ट्र भएका कारण पहिले विश्वका अन्य मुलुकहरूको आँखा पर्ने गरेको थिएन तर पछिल्लो समयमा नेपालको शान्त वातावरण खल्बल्याउन खोज्ने शाक्तिहरू सल्बलाइरहेका छन्। यसका लागि नेपालकै केही अराजक मानसिकताका मानिसहरूलाई उक्साएर वातावरण अझै अराजक बनाउन चाहनेहरूको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। हालका दिनहरूमा देखिन थालेका यस्ता घटना यसैका उदाहरण हुन्। नेपाली समाज मिलेर बसेको देख्न नचाहनेहरूबाट यस प्रकारका घटना भइरहेका छन्। यस्ता तत्वहरूको पहिचान गरी तिनलाई निरुत्साहित गरौं। सँधै एक अर्काबीच सामाजिक सद्भाव कायम राखौं।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस्
www.pratidindaily.com

# सङ्गठन व्यवस्थापन सर्वेक्षण



• गोपीनाथ मैनाली

सार्वजनिक सङ्गठन सामाजिक आवश्यकता पूरा गर्ने जीवन्त संरचना हुन्। सङ्गठन समयसँगै गतिशील हुनु पर्छ। सामाजिक परिवेशमा आएका परिवर्तन र सर्वसाधारणका आवश्यकता अनुरूप सङ्गठन निरन्तर अनुकूलित हुँदै जान सकेनन् भने आफ्नै औचित्य पूरा गर्न सक्दैनन्। डेनहार्टद्वयका अध्ययन अनुसार सार्वजनिक व्यवस्थापनलाई परिवर्तन गर्ने पाँच स्थायी कारण छन्। पहिलो, असाधारण रूपमा विस्फोट भइरहेको नयाँ ज्ञान, प्रविधि र अग्रसरता, दोस्रो, संस्थात्मक पुनर्संरचना, तेस्रो, बढ्दो अन्तरआबद्धता र विश्वव्यापीकरण, चौथो जनसङ्ख्या र सांस्कृतिक विविधता र पाँचौं, परम्परागत विश्वासमाथि आएको स्खलन। यी विषयलाई सम्बोधन गर्न सङ्गठन पुनर्संरचना गर्नुपर्ने आवश्यकता सधैँ रहन्छ। किनकि हरेक प्रकारका सामाजिक समस्या सम्बोधन गर्न राज्यका सङ्गठन सधैँ जागा भएर बस्नु पर्छ।

सङ्गठनको उद्देश्य र कार्यचरित्रका आधारमा सङ्गठन संरचनाको तहसोपानको स्तर निर्धारण गरिएको हुन्छ। परम्परागत र शास्त्रीय सङ्गठन उच्च तहसोपानमा हुन्छन् भने आधुनिक कार्यमूलक सङ्गठनमा तहसोपान केही लचिलो र फराकिलो पारिएको हुन्छ। जसले आन्तरिक कार्यसम्पादन प्रक्रिया र बाह्य सम्बन्धलाई सहभागितामूलक बनाउँदै लगेको छ। विकासमूलक कार्यालय, अस्पताल, शैक्षिक अनुष्ठान शास्त्रीय सङ्गठनका तुलनामा व्यवस्थापनका नवीन सिद्धान्तलाई अभ्यास गर्ने सामाजिक संरचना हुन्। त्यसैले तहसोपानलाई जवाफदेहिताको सूत्रमा मात्र लिई व्यवस्थापनलाई सहभागितामूलक र सञ्चार व्यवस्थालाई मेट्रिक्समा आधारित बनाइएको हुन्छ।

राज्यका क्रियाकलाप विस्तारका साथ सङ्गठन पनि सयमसँगै क्रमशः परिमार्जित, अनुकूलित हुँदै जान्छन्। किनकि सामाजिक गतिशीलतासँग समाजोजित हुन नसक्ने सङ्गठनको कुनै औचित्य रहँदैन। सधैँ जीवन्त प्रक्रियामा रहनु सङ्गठन विकासको सिद्धान्त हो। जस्तो कि पहिला सङ्गठन उच्च पदसोपानयुक्त थिए, त्यसपछि क्रमशः च्याप्टो, मेट्रिक्स र डायगोनल हुँदै गएका छन्। समाज व्यवस्थामा आउने चेतनाको प्रभाव सङ्गठनमा परेकाले नै सङ्गठनभित्रको कार्यविभाजन, सम्बन्ध र सञ्चार प्रणाली परिवर्तन हुँदै गएका हुन्। सङ्गठनमा पुस्तान्तर प्रभाव पनि पर्छ। पुस्ताका आधारमा सङ्गठन विकास हुँदै आएका छन्। जस्तो कि पहिला प्रोप्राइटरी (उच्च नियन्त्रणात्मक), त्यसपछि क्रमशः पदसोपान, मेट्रिक्स, कम्पुटरमा आधारित र अहिले पाँचौं पुस्तामा मानव सम्बन्ध कार्यजालो (ह्यूमन नेटवर्किङ) सङ्गठन विकास हुँदै छन्। पाँचौं पुस्ताको सङ्गठनमा नियन्त्रण र आदेशलाई सहसम्बन्ध र समन्वयले, दर्जामा हुने अधिकारलाई ज्ञानले, एकपछि अर्को काम गर्ने सिलसिलालाई साथसाथैको कार्यशृङ्खलाले, ठाडो सञ्चार सम्बन्धलाई समतलीय र बहुसञ्चारले, कार्यविधि र तहसोपानमा जावफदेही हुने परम्परालाई नतिजामा जावफदेही हुने अवधारणाले र अरूलाई अविश्वास गर्ने प्रवृत्तिलाई विश्वास र सदाचारिताले विस्थापन गरेको छ।

नेपालका सार्वजनिक निकाय सङ्गठन पुनर्संरचनाको पखाईमा छन्। किनकि राज्य सञ्चालनको प्रक्रिया एकात्मकबाट सङ्घात्मकमा परिवर्तन भएको छ तर सङ्गठन सङ्घीयताको आधारमा पुनर्संरचित भइसकेका छैनन्। उदारीकरण र विश्वव्यापीकरणका कारण नेपालले बाह्य विश्वका संरचनासँग निरन्तर अन्तर्क्रिया गर्नुपर्ने अवस्थामा छन् भने बाह्य परिपाटी र मूल्य मानकले नेपालका सार्वजनिक सङ्गठन प्रभावित छन्। सूचना प्रविधिको तीव्र विकास भएकाले त्यसलाई सार्वजनिक सङ्गठनका कार्यमा उपयोगमा ल्याउन सकिने अवस्था सिर्जना भएको छ। सबैभन्दा प्रभावशाली विषय सर्वसाधारण जनतामा विकास भएको चेतनाका कारण सार्वजनिक सङ्गठनका मूल्य, स्वरूप, शैली र संरचना परिवर्तन गर्नुपर्ने बाध्यात्मक अवस्था छ। सार्वजनिक सङ्गठनका आआफ्नै उद्देश्यहरू रहेका छन्। ती उद्देश्य पूरा गर्ने एकै प्रकारका सङ्गठन संरचना काम लाग्दैनन्, उद्देश्य अनुरूप विशिष्ट प्रकृतिका सङ्गठन चाहिएको छ। कार्यविविधता, उद्देश्यगत र सामाजिक विविधतालाई सम्बोधन गर्ने र निरन्तर गतिशील हुने सङ्गठन चाहिएको छ। सङ्घीय संरचना अनुरूप शासकीय तहहरूका कार्यजिम्मेवारीलाई सम्बोधन गर्न सक्ने सङ्गठन संरचना चाहिएको छ। प्रशासकीय दरबन्दी र कार्यबोझको सामान्य आकलनमा स्थानीय र प्रदेश सरकारका संरचनामा दरबन्दी कायम गरिएका थिए, ती तदर्थ थिए जसलाई निर्वाचनपछिका सरकारहरूले आफ्नो आवश्यकता अनुरूप दरबन्दी र संरचना निर्धारण गर्ने अपेक्षा गरिएको थियो। स्थानीय तथा प्रदेश सरकार आफ्नो दोस्रो कार्यावधिको पनि अधिकांश समय पूरा गरिसकेका छन् तर जिम्मेवारी अनुरूप सङ्गठन संरचना निर्माण भइनसकेकाले सर्वसाधारण जनता र सरकारबिचको सम्बन्ध सबल छैन। सरकार र सर्वसाधारणको सम्बन्ध सेवामा आधारित हुन्छ, संरचना सेवा व्यवस्थापनका विविध आयाममा क्रियाशील हुन नसक्दा शासकीय तहहरू सर्वसाधारणका विश्वास जित्न सकेका छैनन्।

प्रश्न उठ्न सक्छ सङ्गठन पुनर्संरचना कसरी गर्ने ? यसका केही मान्य अवधारणा छन्। सरकारी सङ्गठनमा कामको खण्डीकृत गर्न नहुने, दोहोरोपन हुन नहुने, नियन्त्रणको सीमा स्पष्ट हुनुपर्ने र कार्यविधिमा एकरूपता हुनुपर्ने मान्यता राखिन्छ। शासकीय क्रियाकलाप व्यवस्थापनका लागि नीति सङ्गठन, अनुगमन वा सहजकारी सङ्गठन, अग्रपङ्क्तिका कार्यालय (सेवा निकाय) र निगरानी निकाय गरी चार प्रकारका सङ्गठन अभ्यासमा छन्। सङ्गठन पुनर्संरचना गर्दा यी चार प्रकारका सङ्गठनलाई छुट्टाछुट्टै रूपमा हेर्नुपर्ने हुन्छ। किनकि नीति व्यवस्थापन गर्ने निकाय समन्वय गर्ने निकायबाट आधारभूत रूपमा भिन्न हुन्छन्, त्यस्तै अग्रपङ्क्तिमा रहेर सर्वसाधारणलाई सेवा उपलब्ध गराउने निकाय नीति निकाय, समन्वय निकाय र निगरानी निकायभन्दा भिन्न प्रकृतिका हुन्छन्। स्थानीय सरकारमा भने यी चार विषय झिनो रेखाबाट मात्र छुट्टिएको हुन्छ, जसलाई आन्तरिक संरचनाका जिम्मेवारीका आधारमा विभक्त गरिएको हुन्छ।

नेपालका सार्वजनिक सङ्गठन पनि समयसँगै परिवर्तनसँगै सामान्य रूपमा गतिशील हुँदै, फेरिँदै, कार्यशैली बदलिँदै गएका छन्। जस्तो कि नेपाल एकीकरणका समयमा प्रोपाइटरी प्रकृतिका सङ्गठन थिए, राणाकालीन प्रशासनमा कठोर तहसोपानको बोलबाला थियो। प्रजातन्त्रपछि बिस्तारै च्याप्टो सङ्गठन देखिन थाले भने अहिले सहभागिता र सहसम्बन्ध प्रणालीमा आएको परिवर्तनका कारण मेट्रिक्स र पाँचौं पुस्ताको सङ्गठनले प्रभाव पार्दै आएको छ। कोभिड जस्ता महामारी, भूकम्प जस्तो प्राकृतिक विपत् र जेनजी आन्दोलन जस्तो शासकीय विपत्ले पनि सङ्गठन पुनर्संरचनाको माग गरेको छ तर सङ्गठनले परिर्वतनको माग र समयको आवश्यकतालाई सम्बोधन गर्न भने सकेका छैनन् भन्ने कुरा सेवाग्रहीको असन्तोष, निर्णयको फितलोपना, न्यून पुँजीगत खर्च जस्ता सूचकमा देखिएका छन्। व्यवस्थापन परीक्षण, लेखा परीक्षण, सूचना पारदर्शिता परीक्षणलगायतका प्रतिवेदनले सङ्गठनको स्वरूप, शैली र संरचना सुधारको आवश्यकता औंल्याएका छन्।

सङ्गठन पुनर्संरचना गरी उपयुक्त आकारमा ल्याउन सङ्गठन व्यवस्थापन सर्वेक्षणलाई प्रमुख विधि मान्ने गरिन्छ। यसले सङ्गठन र व्यवस्थापनको सम्बन्धको कार्यमूलक विवेचना गरी सङ्गठनलाई उपयुक्त आकारमा ल्याउन सरकारलाई सघाउने गर्छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा सङ्गठनको कार्य आयतन विश्लेषण, मौजुदा कर्मचारी दरबन्दी विश्लेषण, आवश्यक दरबन्दी विश्लेषण, पदका तह निर्धारण, पदहरूको योग्यता निर्धारण, आर्थिक भार विश्लेषण, कर्मचारीको दरबन्दी सिर्जना र सङ्गठन/कर्मचारी पदनाम दर्ता गरी सोही अनुरूप पदपूर्ति गरिन्छ। सामान्यतः राजनीतिक व्यवस्थापन परिवर्तनपछि वा नयाँ कार्य व्यवस्थापन गर्दा सङ्गठन व्यवस्थापन सर्वेक्षण गर्ने गरिन्छ तर यो प्रभावकारी र सामयिक भएको देखिँदैन। किनकि सङ्गठन व्यवस्थापन सर्वेक्षणमा चरणबद्ध रूपमा क्रियाकलाप गरिएका छैनन्। अध्ययनमा प्राविधिक पक्षमा भन्दा औपचारिकतामा ध्यान दिइन्छ।

सम्बन्धित निकायले वृत्ति विकास र आफ्नो प्रभुत्व विस्तारमा ध्यान दिने मनोविज्ञान राख्छ भने अर्थ मन्त्रालय र केन्द्रीय कर्मचारी प्रशासन निकायका रूपमा रहेको सङ्घीय मामिला एवं सामान्य प्रशासन मन्त्रालयले व्यावहारिक दृष्टिकोण अवलम्बन नगर्ने प्रवृत्ति रहँदै आएको छ। परिणामतः कार्यात्मक पक्षमा भन्दा दरबन्दी सिर्जना गर्न उद्यत रहने र नगर्न नियन्त्रण गर्ने व्यवहारगत द्वन्द्वले सरकारी सार्वजनिक सङ्गठन वास्तविक पुनर्संरचनामा पुग्दैनन्। साथै सर्वेक्षणले दरबन्दीलाई मात्र संरचना प्रभावकारिताको आधारमा लिने शास्त्रीय मान्यता छ। सङ्गठनको मूल्य पुनर्संरचना गर्ने, स्वचालित रूपमा पुनर्संरचना हुने आधार निर्माण गर्ने र अध्ययन प्रतिवेदनका कार्यान्वयन भए नभएको विवेचना गर्ने पद्धतिको अभाव छ। कतिपय सहायक कामलाई सेवा करारबाट लिने विश्वव्यापी प्रचलनलाई पनि बेवास्ता गरी व्यक्ति करार गरी सङ्गठन विधिलाई भुल्ने गरिएको छ। सङ्घीय तहमा रहेको कमजोरी प्रदेश तथा स्थानीय सरकार एवं अन्य स्वशासित संस्थामा पनि देखिएको छ।

जेनजी आन्दोलनको जगमा बनेको अहिलेको सरकारले सङ्घीय सरकार मातहतका सरकारी संरचनालाई पुनर्संरचना गर्न सङ्गठन व्यवस्थापन सर्वेक्षण गर्न नीतिगत निर्देशन गरेको छ। यो सरकारको प्रमुख काम नै सुशासन भएकाले यसका आधारशिलाका रूपमा सङ्गठनलाई लिई सङ्गठन संरचनालाई केही नवीन रूप दिन खोजेको देखिन्छ। अहिलको अवसरको उपयोग गर्न र निर्वाचित सरकारलाई सुशासन र समृद्धिको कार्यसूचीलाई कार्यान्वयन गर्ने तयारीका रूपमा यसलाई लिन चुक्नु हुन्न। गो.प.

# सामाजिक सञ्जालको साँचो विदेशमा, दुरुपयोग रोक्न टाउको दुखाइ



• राजकरण महतो

निर्वाचन आयोगले माघको पहिलो सातादेखि निर्वाचन आचारसंहिता लागू गर्दैछ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र मर्यादित बनाउन आयोगले स्वीकृत गरिसकेको आचारसंहिता अर्को सातादेखि लागू गर्ने तयारी भइरहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए। तर, निर्वाचन आचारसंहिता कार्यान्वयन भने सहज छैन। सामाजिक सञ्जालको बढ्दो दुरुपयोग रोक्न निर्वाचन आयोगको लागि मुख्य चुनौती देखिएको छ। आयोगका बैठकहरूमा पनि सूचना प्रविधिको प्रयोगले आचारसंहिता कार्यान्वयनमा ठूलो चुनौती थपेको भन्दै चिन्ता व्यक्त भइरहेका छन्।

सामाजिक सञ्जाल/प्लेट फर्महरूको साँचो विदेशमा छन्। ती सञ्जालमा पोस्ट हुने र गरिने निर्वाचन विरोधी कन्टेन्ट कसरी नियन्त्रण गर्ने ? त्यो चाहिँ आयोगका लागि 'टाउको दुखाइ'को विषय बन्न पुगेको छ। सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूबाट निर्वाचन समयमा प्रवाह हुने मिथ्य सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण जानकारीको नियन्त्रण हुन सकेन भने निर्वाचन निष्ठा, निष्पक्षतामाथि प्रश्न उठ्ने निर्वाचन विज्ञहरूले बताउँदै आएका छन्। झन् फागुन २१ को प्रतिनिधिसभा सदस्यको निर्वाचन कठिन मोडमा भइरहेको छ।

### आयोगलाई चुनौती नै चुनौती

सामाजिक सञ्जाल/प्लेटफर्महरूबाट हुने निवार्चन विरोधी हर्कतलाई कसरी नियन्त्रण गर्ने बारे आयोगको सिंगो टिम स्वदेशदेखि विदेशसम्मको सरकारी तथा सामाजिक सञ्जाल कम्पनीसँग सघन छलफलमा जुटिरहेको छ। आचारसंहिता कार्यान्वयका लागि निर्वाचन आयुक्त सगुनशमशेर जबराको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा २६ को व्यवस्थाबमोजिम गठित केन्द्रीय आचारसंहिता अनुगमन समितिको पहिलो बैठक बसेको छ। अनुगमनसहितको पहिलो बैठकमै सामाजिक सञ्जालबाट हुने निर्वाचन विरोधी गतिविधि नियन्त्रणका लागि गहन बहस भइरहेको छ। सूचना प्रविधिको प्रयोगले निर्वाचन आचारसंहिता कार्यान्वयनमा चुनौती थपेको आयोगको निष्कर्ष छ। चुनौती नियन्त्रणका लागि प्रभावकारी संयन्त्रणको निर्माण, सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूबाट निर्वाचन समयमा प्रवाह हुने मिथ्य सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण जानकारीको नियन्त्रण गर्ने लगायतका बारे छलफल जारी छ। यस पटकको निर्वाचन आचारसंहितामै आयोगले सामाजिक सञ्जालबाट निर्वाचनबारे मिथ्या सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण गर्न गराउन नहुने व्यवस्था गरेको छ।

आयोगको बैठकमा आचारसंहिताको प्रभावकारी परिपालना, कार्यान्वयन एवं कार्यान्वयनका लागि अन्तरनिकाय सहकार्यबारे चर्चा गरिएको छ। तोकिएको प्रचलित कानुनले तोकेको नियामक निकायको भूमिका, आचारसंहिता कार्यान्वयनका चुनौती र नियन्त्रणका लागि सचेतनात्मक, प्रतिस्पर्धात्मक र दण्डात्मकजस्ता विधिहरूलाई एकसाथ अघि बढाउन उपयुक्त हुने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए।

'राम्रा कामका लागि प्रयोग गर्न सकिए सामाजिक सञ्जाल हाम्रा लागि अवसर हो। तर, पछिल्लो समयको चुनावलाई विश्लेषण गर्दा सामाजिक सञ्जालमा निर्वाचन विरोधी गतिविधि भएको पाइन्छ,' उनले भने, 'आउँदो चुनावमा सामाजिक सञ्जालको दुरुपयोग स्वच्छ र निष्पक्ष निर्वाचनका लागि चुनौती बन्ने सम्भावना छ। त्यसलाई हामी नियन्त्रण गर्ने संयन्त्रण बनाएर कार्यान्वयनमा ल्याउने तयारी गरेका छौं।'

**बदमासी गरे उम्मेदवारी खारेज**

२०७९ को निर्वाचनमा सचेतनात्मक कोणबाट आचारसंहिताको बढी कार्यान्वयन गरिएको थियो। दल र उम्मेदवारहरूले आचारसंहिता मिचेको आयोगले पनि थाहा पाएन। 'त्यसैले यसपालिको निर्वाचन आचारसंहिताको कार्यान्वयन सचेतनात्मकसहित दण्डनात्मक पनि हुने छ। निर्वाचनमा बदमासी गर्ने दलका उम्मेदवारको मनोनय पनि खारेजसम्मको कारबाही गर्ने तयारी गरेका छौं,' कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने। आयोगले सबै संयन्त्रलाई प्रभावकारी रूपमा प्रयोग गर्ने धारणा राख्दै आचारसंहिता कार्यान्वयनमा प्रविधि दुरुपयोग रोक्ने प्रभावकारी संयन्त्रसहित नियामक निकाय, अनुसन्धान र अभियोजन गर्ने निकायसँगको सहयोग र सहकार्य अपरिहार्य रहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए।

आयुक्त सगुनशमशेर जबराले विगतका कमजोरीलाई सुधार गरी यस पटक निर्वाचन आचारसंहिता कार्यान्विन प्रभावकारी बनाउन आवश्यक रहेकाले सूचना प्रविधिको दुरुपयोगबाट हुने चुनौती रोक्न आयोगले सबै पक्षसँग सहकार्य गर्ने बताए। राजनीतिक दलहरूसँग समेत परामर्श गरेर आचारसंहिता लागू गर्ने निवाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले जानकारी दिइन्। उनले भनिन्, 'निर्वाचनका समयमा प्रवाह हुने मिथ्य सूचना तथा भ्रमपूर्ण जानकारी न्यूनीकरणमा आयोग सचेत छ।'

**मिथ्या सूचना नियन्त्रणका लागि कस्तो छ संयन्त्र ?**

सामाजिक सञ्जाल र डिजिटल मिडियाबाट फैलिने मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिको नियन्त्रणका आयोगले निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र स्थापना गरेको छ। आयोगले मेटा, टिकटक, एक्स (पूर्व टिटर) जस्ता सामाजिक सञ्जाल कम्पनीसँग समन्वय गरी निर्वाचन विरोधी सूचना प्रवाह हुने झुटा साइट, नक्कली एकाउन्ट, एआईबाट सिर्जित डिपफेक सामग्री, गलत सूचना र अपव्याख्या हटाउने तयारी गरिसकेको जनाएको छ।

यस्ता सामग्री तत्काल हटाउन लगाउने र संलग्न व्यक्ति तथा संस्थामाथि कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायसँग समन्वय गरिने आयोगका प्रबक्ता नारायणप्रसाद भट्टराईले जनाए। उनका अनुसार सामाजिक सञ्जालबाट हुने मिथ्या सूचना, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिको निगरानी तथा नियन्त्रण गर्नेछ। यसमा विभिन्न सरकारी निकायका प्रतिनिधि, कम्प्युटर इन्जिनियर तथा मिथ्या सूचना र द्वेषपूर्ण अभिव्यक्तिका विज्ञहरू संलग्न रहनेछन्। आयोगले सञ्चार माध्यम र सामाजिक सञ्जालमा निर्वाचनसम्बन्धी सामग्री कसरी प्रस्तुत भइरहेको छ भन्ने विषयमा 'कन्टेन्ट एनालाइसिस' समेत गर्ने जनाएको छ। यस विश्लेषणबाट आयोगको छवि, राजनीतिक दल र उम्मेदवारलाई सञ्चार माध्यमले दिएको पहुँच, लैंगिकता र भूगोलका विषयवस्तुको प्रस्तुति तथा मतदाता शिक्षाको अवस्था मूल्यांकन गरिनेछ।

**सामाजिक सञ्जालमा के–के गर्दा निर्वाचन विरोधी गतिविधि ठहरिन्छन् ?**

सामाजिक सञ्जालमा के–के गर्नु हुँदैन, थाहा पाइराखौं। नत्र कसैलाई समर्थन गर्दै गर्दा आफू कानुनी फन्दामा परिएला, ख्याल गर्नुहोस्। निर्वाचन आचारसंहितमा निर्वाचन आयोगले समाजिक सञ्जाल प्रयोगकर्ताहरूका लागि सामाजिक सञ्जालका सम्बन्धमा निर्वाचन आचारसंहितामा गरेका नयाँ व्यवस्थाहरू यस्ता छन् :

१. सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने,
२. निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने,
३. सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुने,
४. कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई आर्टिफिसियल इन्टिलिजेन्स (एआई) को प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्न वा गराउन नहुने,
५. निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने,
६. कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने,
७.उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मत परिणामको

❖ बाँकी तेस्रो पृष्ठमा

# मेचे समुदायकी रोशनी राष्ट्रियसभामा जाँदै

झापा । झापाको रैथाने र अति सीमान्तकृत मेचे समुदायबाट राष्ट्रियसभामा पुग्न लागेकी रोशनी मेचे अहिले कोशी प्रदेशको राजनीतिमा विशेष चर्चाको केन्द्रमा रहेकी छिन्।

मेचीनगर नगरपालिका-१२ (साविक धाइजन-३)मा जन्मिएकी रोशनी राष्ट्रियसभाको उम्मेदवार बनेसँगै मेचे समुदायका लागि यो क्षण ऐतिहासिक बनेको छ। उनले कोशी प्रदेशमा बुधबार मनोनयन दर्ता गराइन्। मेचे समुदाय झापाको मेचीनगर, बिर्तामोड, हल्दिबारी र कचनकवल क्षेत्रमा बसोबास गर्दै आएको छ। नदी किनारलाई जीवनको आधार बनाउँदै आएको यस समुदायलाई सरकारले अति सीमान्तकृत सूचीमा राखेर मासिक प्रतिव्यक्ति ४ हजार रूपैयाँ भत्तासमेत उपलब्ध गराउँदै आएको छ।



यही समुदायबाट प्रतिनिधित्व गर्दै रोशनी राज्यको माथिल्लो सदनसम्म पुग्न लागेकी हुन्। नेपाली कांग्रेस, नेकपा (एमाले) र जसपा (जनता समाजवादी पार्टी) सम्मिलित बलियो गठबन्धनका कारण उनको जित लगभग सुनिश्चित देखिन्छ। यदि उनी विजयी भइन् भने मेचे समुदायबाट राष्ट्रियसभामा पुग्ने पहिलो व्यक्ति बन्नेछिन्। जसले सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई नयाँ उचाइ दिनेछ।

रोशनीको शैक्षिक र बौद्धिक पृष्ठभूमि मजबुत छ। उनले २०५५ सालमा बलभद्र माध्यमिक विद्यालयबाट विद्यालय शिक्षा पूरा गरेकी हुन्। त्यसपछि समाजशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक तह उत्तीर्ण गर्दै २०७४ सालमा अधिवक्ताको लाइसेन्स प्राप्त गरेकी थिइन्। सीमान्तकृत समुदायबाट कानुन र समाजशास्त्र दुवै क्षेत्रमा दख्खल राख्ने महिलामध्ये उनी गनिन्छिन्।

नेकपा (एमाले)को जनसंगठन लोकतान्त्रिक आदिवासी जनजाति महासंघकी केन्द्रीय सदस्य रहेकी रोशनी पार्टीभित्र इमानदार र सक्रिय कार्यकर्ताका रूपमा परिचित छिन्। २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ जिल्ला र प्रदेशबाट सिफारिस हुनु र पछिल्ला २ वर्ष एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सचिवालयमा कार्यरत रहनुले उनको राजनीतिक विश्वास र अनुभवलाई बलियो बनाएको छ।

उनको राजनीतिक यात्रा सहज मात्रै भने रहेन। एमालेको महाधिवेशन प्रतिनिधि बन्ने क्रममा प्राविधिक कारणले पछि परेकी रोशनीले ओलीको सचिवालयमा काम गर्दै नेतृत्वको भरोसा जितिन्। यही विश्वासका आधारमा पार्टीले उनलाई राष्ट्रियसभाको उम्मेदवार बनाएको हो।

कोशी प्रदेशमा राष्ट्रियसभा निर्वाचनका लागि ३ सय ६७ मतदाता छन्। कांग्रेस-एमाले गठबन्धनको कुल मतभार ७ हजार ८ सय ९४ पुगेको छ। जसले रोशनीको जित लगभग निश्चित बनाएको छ । प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा)को मतभार १ हजार ६ सय ४२ छ।

रोशनीले अवसर पाएमा सीमान्तकृत समुदायका मुद्दालाई राष्ट्रियसभामा सशक्त रूपमा उठाउने प्रतिबद्धता जनाएकी छन्। उम्मेदवार बनेर राष्ट्रियसभाको ढोकामा पुगेकी रोशनीको उम्मेदवारीलाई व्यक्तिगत उपलब्धि नभएर राज्यको नीतिनिर्माण तहसम्म सीमान्तकृत समुदायको आवाज पुऱ्याउने एउटा महत्वपूर्ण मोडका रूपमा हेरिएको छ।

# पोर्तेलले समानुपातिक सूचीबाट हटाउन दिए निवेदन

झापा । एमालेले समानुपातिक बन्दसूचीमा रहेका सोम पोर्तेलको नाम फिर्ता लिएर कोशी प्रदेशबाट राष्ट्रिय सभा सदस्य उम्मेदवार बनाएको छ । दलित क्लस्टरबाट पुरुष पाँच नम्बरमा रहेका उनलाई बुधबार राष्ट्रिय सभा सदस्यको उम्मेदवार बनाइएको छ ।पोर्तेलले समानुपातिक सूचीबाट हटाइदिन निवेदन दिइसकेका छन् ।

एमाले निर्वाचन आयोग प्रमुख निरज आचार्यले पोर्तेलले आयोगमा बन्दसूचीबाट नाम हटाइदिन निवेदन दिइसकेको बताए । 'सोम पोर्तेलले समानुपातिक सूचीबाट हटाइदिन आयोगमा निवेदन दिइसक्नु भएको छ । उहाँको स्थानमा अर्को नाम पठाइने छ,' उनले भने ।

# पिकनिक बस दुर्घटनामा चारजनाको मृत्यु

काठमाडौँ । काठमाडौँको शंखरापुर नगरपालिका-३ स्थित फेदी जंगलमा बुधबार साँझ भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या चार पुगेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले चार जनाको मृत्यु पुष्टि भएको र अन्य २२ जना घाइते भएका जानकारी दिए । मृतकको सनाखत हुन सकेको छैन । ज्यान गुमाउनेमा स्तुपा अस्पतालमा १ महिला, एनएमसीमा १ पुरुष, १ महिला र शंखरापुर अस्पतालमा उपचाररत १ महिला रहेका छन् ।

वनभोज खाएर फर्किएको बा४ख ८७८८ नम्बरको बस दुर्घटनामा हुँदा उनीहरूको मृत्यु भएको उनले बताए ।

साँझ ६ बजेतिर उक्त बस दुर्घटना भएको थियो । दुर्घटनामा २२ जना घाइते भएका छन् । उनीहरूको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । उनीहरूको नेपाल मेडिकल कलेज, शङ्खरापुर अस्पताल, मूलपानी नगर अस्पतालमा र सुष्मा कोइराला अस्पताल सउपचार भइरहेको छ ।

बसमा ४० जनाजति सवार रहेको जनाइएको छ । 'नेचर हर्व' संस्थाका कर्मचारी वनभोज खाएर आएको बस दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

# बुद्ध एयर दुर्घटनाको छानबिनका लागि दुई समिति

झापा । भद्रपुर विमानस्थलमा अवतरणका क्रममा पुस १८ गते दुर्घटनामा परेको बुद्ध एयरको एटीआर विमानको छानबिन गर्न दुई वटा छुट्टाछुट्टै छानबिन समिति गठन गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सूचना अधिकारी गोकर्णप्रसाद उपाध्यायका अनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार समिट एयरमा कार्यरत वरिष्ठ क्याप्टेन विनोद पुरीलाई अनुसन्धानकर्ताका रूपमा नियुक्त गर्दै मन्त्रालयस्तरीय छानबिन समिति गठन गरेको हो । गैरसैनिक हवाई उडान नियमावली, २०७१ अनुसार क्याप्टेन पुरीले आवश्यकताअनुसार विषयगत विज्ञहरू समेटी दुर्घटनाको अनुसन्धान गर्नेछन् ।



गैरसैनिक हवाई उडान नियमावलीमा रहेको दुर्घटना छानबिनसम्बन्धी व्यवस्थाअनुसार क्याप्टेन पुरीको नेतृत्वमा गठित आयोगले भद्रपुरमा भएको उक्त दुर्घटनाको विस्तृत छानबिन गरी सरकारलाई प्रतिवेदन बुझाउनुपर्नेछ। आयोगले वायुयान, चालकदल, वायुसेवा कम्पनी, सेवाप्रदायक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण, भद्रपुर विमानस्थल कार्यालयलगायत सबै पक्षको स्वतन्त्र र निष्पक्ष छानबिन गर्नेछ ।

यसैबीच, नेपाल नागरिक उड्डयन प्राधिकरणले पनि घटनाको बेग्लै छानबिन प्रक्रिया अघि बढाएको छ । सेवाप्रदायक र नियामक दुवै भूमिकामा रहेको प्राधिकरणलाई हवाई घटना तथा दुर्घटनाको छानबिन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणको नागरिक उड्डयन नियमावली, २०५८ अनुसार कानुनी अधिकार छ ।

उक्त नियमावली अनुसार नागरिक उड्डयनसँग सम्बन्धित कुनै पनि घटना वा दुर्घटनाको प्रचलित कानुनबमोजिम हुने छानबिनका अतिरिक्त महानिर्देशकले आफैं पनि उक्त विषयमा छानबिन गर्न सक्ने नियमावलीमा व्यवस्था रहेको छ ।

यसै कानुनी प्रावधानअनुसार प्राधिकरणले त्यहाको फ्लाइट सेफ्टी विभागमा एफओआईमा कार्यरत वरिष्ठ क्याप्टेन रूपकुमार सिद्धीको संयोजकत्वमा छानबिन समिति गठन गरेको प्राधिकरणका प्रवक्ता विक्रमराज गौतमले जानकारी दिए । उनका अनुसार समितिमा एएनएसडीका उपनिर्देशक मुकेश दाहाल, फ्लाइट सेफ्टी विभागका उपप्रबन्धक विधान श्रेष्ठ, सेफ्टी म्यानेजमेन्ट डिभिजनका प्रबन्धक लक्ष्मण देवकोटा तथा एरोड्रम सेफ्टीका उपप्रबन्धक योगेश पुडासैनी सदस्य रहेका छन् । समितिले ३५ दिनभित्र प्रतिवेदन निमित्त महानिर्देशक देवचन्द्रलाल कर्णलाई बुझाउनुपर्नेछ ।

यसैबीच, बुद्ध एयरले पनि दुर्घटनाको आन्तरिक छानबिन गरिरहेको कम्पनीका एक अधिकारीले बताएका छन् । उक्त उडानमा कुनै मानवीय क्षति नभए पनि प्रारम्भिक अवलोकनका क्रममा विमानको अगाडिको नोज, ककपिट तथा ल्याण्डिङ गियरमा क्षति पुगेको उद्धारकर्मीहरूले जनाएका छन् । दुर्घटनामा संलग्न क्याप्टेन र को-पाइलट दुवैलाई हाल उडान रोस्टरबाट हटाइ ग्राउन्डेड गरिएको छ । दुवै छानबिन समितिले विमानका फ्लाइट डाटा रेकर्डर (एफडीआर) र ककपिट भ्वाइस रेकर्डर (सीभीआर) अध्ययन गर्ने, पाइलट तथा भद्रपुर विमानस्थलको टावरमा कार्यरत एयर ट्राफिक कन्ट्रोल कर्मचारीसँग बयान लिने लगायतका अनुसन्धान कार्य गर्नेछन् ।

# विशेष महाधिवेशनमा संलग्न नहुन कांग्रेसको अपिल

काठमाडौँ । नेपाली कांग्रेसले पार्टीका पदाधिकारी वा सदस्यहरूले व्यक्तिगत रूपमा बोलाइएको अधिवेशन वा विशेष महाधिवेशनका नाममा गरिने कुनै पनि गतिविधि पार्टीको विधानविपरीत हुने भन्दै त्यस्ता गतिविधिमा संलग्न नहुन नेताकार्यकर्तालाई अपिल गरेको छ ।

केन्द्रीय कार्यालयले आज प्रेस विज्ञप्ति जारी गरी त्यस्ता गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमिति सदस्यहरु, महाधिवेशन प्रतिनिधिहरु, भ्रातृ एवं शुभेच्छुक संस्था तथा विदेशस्थित नेपाली जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यलाई अपिल गरेको हो ।

कांग्रेसको विशेष महाधिवेशन पक्षधरले बुधवार पत्रकार सम्मेलन गरी यही पुष २७ र २८ गते काठमाडौँमा विशेष महाधिवेशन आह्वान गरेपछि कांग्रेस केन्द्रीय कार्यालयले सो परिपत्र जारी गरेको हो ।

गत असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी विशेष महाधिवेशनका लागि पार्टी केन्द्रीय कार्यालयमा दर्ता गराएको निवेदनअनुसार तीन महिनाभित्र विशेष महाविधेशन गर्नुपर्ने सो पक्षले माग गर्दै आएको छ ।



कांग्रेस केन्द्रीय कार्यालयले पार्टीको विधानमा व्यवस्था भएबमोजिम कुनै पनि तहको अधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगत रूपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केबल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको स्पष्ट पारेको छ ।

गत मङ्सिर १५ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले १५औँ महाधिवेशनको कार्यतालिका सर्वसम्मत निर्णय गरी पार्टीको विधानबमोजिम महाधिवेशनको प्रक्रिया अघि बढिसकेका सन्दर्भमा विशेष महाधिवेशनको औचित्य मङ्सिर १५ गतेदेखि नै स्वतः समाप्त भएको मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णयबाट कार्यतालिका तयार गरी अधिवेशनरमहाधिवेशनको प्रक्रिया र कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा, सोही अवधिभित्र माग गरिएको विशेष महाधिवेशनको औचित्य समाप्त भएको यथार्थलाई बेवास्ता गरी विभिन्न सञ्चारमाध्यममार्फत पार्टीको विशेष महाधिवेशन आह्वान गरिएको भन्ने विषयमा पार्टीको ध्यानाकर्षण भएको विज्ञप्तिमा जनाइएको छ ।

साथै, आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीले समानुपातिकतर्फ निर्वाचन आयोगमा उम्मेदवार प्रस्तुत गरिसकेको र राष्ट्रियसभा सदस्यको मनोनयनपत्र दर्ता भइसकेको उल्लेख गर्दै पार्टीका उम्मेदवारलाई विजयी गराउने अभियानमा अझ सशक्त रूपमा क्रियाशील भई लागिपर्न आह्वान गरिएको छ ।

# हर्क साम्पाङ सुनसरी–१ बाट चुनाव लड्ने

धरान । धरानका मेयर एवं श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ आगामी प्रतिनिधिसभा चुनाव सुनसरी क्षेत्र नम्बर १ बाट उठ्ने भएका छन् । बुधबार सामाजिक सञ्जालबाट मेयर साम्पाङले आफू सुनसरी १ बाटै उठ्ने घोषणा गरेका हुन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'म सुनसरी क्षेत्र नं. १ बाटै प्रतिनिधि सभाको चुनाव लड्नेछु ! जय माटो ! जय देश !'

२०७९ को स्थानीय चुनावमा स्वतन्त्र उम्मेदवारी दिएर गठबन्धनका उम्मेदवारलाई हराएका थिए । उनले २० हजार ८ सय २१ मत ल्याउँदा तत्कालीन कांग्रेस-माओवादी गठबन्धनका उम्मेदवार किशोर राईले १६ हजार ५९ मत पाएका थिए । त्यस्तै एमाले उम्मेदवार मञ्जु भण्डारी सुवेदीले भने १२ हजार ८ सय २५ मत पाएकी थिइन् । उपमेयरमा भने गठबन्धनबाट माओवादी उम्मेदवार अइन्द्रविक्रम बेघा २० हजार ५ सय



१० मतसहित विजयी भएका थिए । सुनसरी निर्वाचन क्षेत्र १ मा धरान उपमहानगरका सबै वडा पर्दछन् । गत स्थानीय चुनावमा धराने जनताले पत्याएका कारण पनि साम्पाङको रोजाइमा यही क्षेत्र परेको हो ।

उनी धराने जनताको विश्वास जितेर संघीय संसद्को यात्रामा जाने दाउमा छन् । सुनसरी क्षेत्र नम्बर-१ मा धरान उपमहानगरपालिका, बराहक्षेत्र नगरपालिकाको १-५ वडा र रामधुनी नगरपालिकाको ६ र ७ वडा समेटिएको छ । मेयर हुँदा गरेका कामका आधारमा नै आफूले चुनाव जित्ने साम्पाङले दाबी गर्दै आएका छन् ।

सुनसरी १ मा २०७९ को प्रतिनिधिसभा चुनावमा जसपा नेपालका नेता अशोक राई विजयी भएका थिए । उनले १७ हजार ५९ मत ल्याएका थिए । उनलाई रास्वपा उम्मेदवार गोमा तामाङले टक्कर दिएकी थिइन् । उनले १६ हजार ६ सय ६ मत ल्याएकी थिइन् । तेस्रो स्थानमा रहेका नेकपा माओवादी केन्द्रका मुक्सामहाङ सुब्बाले पनि १३ हजार ८७ मत ल्याएका थिए ।

## सामाजिक...

सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने,

८. निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्न वा गराउन नहुने,

९. कुनै पनि किसिमबाट मतदाताको गोप्यता भंग गर्ने कार्य गर्न नहुने,

१०. मतदाता र मतदानमा खटिएका कर्मचारीसँग वादविवाद गर्न वा हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने,

११. क्यामेरा, भिडियो क्यामेरा, ड्रोन, मोबाइल वा अन्य उपकरणबाट अनुमति नलिई मतदानस्थल र मतगणनास्थलको तस्बिर लिन, भिडियो खिच्ने कार्य गर्न नहुने,

१२. कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न नहुने । अ.पू.

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ